# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## आर्थिक प्रशासन विनियमावली २०६५

### (दोश्रो संशोधन २०७१)

१. **चिलिमे जलविद्युत कम्पनी लि. को आर्थिक प्रशासन विनियमावली २०६५ को विनियम ४ मा संशोधनः** चिलिमे जलविद्युत कम्पनी लि. को आर्थिक प्रशासन विनियमावली २०६५ (यस पछि **"मुल विनियमावली"** भनिएको) को विनियम ४ को उपविनियम (१) पछि देहायको उपविनियम (१.क) थप गरिएको छः–

१.(क.) यस विनियमावली बमोजिम प्रकृया पुरा गरी स्विकृत बजेट तथा कार्यक्रमको अधिनमा रही कम्पनीको तर्फबाट गरिने सम्पूर्ण निर्माण, बस्तु र सेवा खरिद गर्ने तथा खर्च गर्ने र गराउने सम्पूर्ण अधिकार कार्यकारी प्रमुखलाई हुनेछ।

२. **मुल विनियमावलीको विनियम २१ मा संशोधनः** मुल विनियमावलीको विनियम २१ को उपविनियम (९) झिकिएको छ।

३. **मुल विनियमावलीको विनियम २२ मा संशोधनः** मुल विनियमावलीको विनियम २२ को उपविनियम (१) को

(१) खण्ड (क) मा रहेको "रू.२,००,०००/- (दुई लाख रूपयाँ)" भन्ने अंक र अक्षारहरूको सट्टा "रू.३,००,०००/- (तीन लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

(२) खण्ड (ख) मा रहेको "रू.१५,००,०००/- (पन्ध्र लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.१०,००,०००/- (दश लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

(३) खण्ड (ग) मा रहेको "रू.१५,००,०००/- (पन्ध्र लाख रूपयाँ) भन्ने अंक र अक्षरहरूको सट्टा "रू.१०,००,०००/- (दश लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

४. **मुल विनियमावलीको विनियम २३ मा संशोधनः-** मुल विनियमावलीको विनियम २३ को उप विनियम (१) को खण्ड (ख) र (ग) मा रहेको "रू.१५,००,०००/- (पन्ध्र लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.२०,००,०००/- (वीस लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

५. **मुल विनियमावलीको विनियम २४ मा संशोधनः-** मुल विनियमावलीको विनियम २४ को उप विनियम (२) र (३) मा रहेको "रू.१५,००,०००/- (पन्ध्र लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.१०,००,०००/- (दश लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

६. **मुल विनियमावलीको विनियम २५ मा संशोधनः** मुल विनियमावलीको विनियम २५ को उप विनियम (१) को

१) खण्ड (क) मा रहेको "रू.७५,०००/- (पचहत्तर हजार रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.१,००,०००/- (एक लाख रूपैयाँ)" र "रू.२,००,०००/- (दुई लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.३,००,०००/- (तीन लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

२) खण्ड (ख) मा रहेको "रू.७५,०००/- (पचहत्तर हजार रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.१,००,०००/- (एक लाख रूपैयाँ)" र "रू.२,००,०००/- (दुई लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.३,००,०००/- (तीन लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

७. **<u>मुल विनियमावलीको विनियम २६ मा संशोधनः</u>** मुल विनियमावलीको विनियम २६ को,

(१) उपविनियम (२) कोः-

(१) खण्ड (क) मा रहेको "रू.५,००,०००/- (पाँच लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.३,००,०००/- (तीन लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

(२) खण्ड (ख) मा रहेको "रू.५,००,०००/- (पाँच लाख रूपयाँ) भन्दा बढी रू.१५,००,००० (पन्ध्र लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.३,००,०००/- (तीन लाख रूपैयाँ) भन्दा बढी रू.१०,००,००० (दश लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

(३) खण्ड (ग) मा रहेको "रू.१५,००,०००/- (पन्ध्र लाख रूपयाँ)" भन्ने अंक र अक्षरहरूको सट्टा "रू.१०,००,०००/- (दश लाख रूपैयाँ)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

(२) उपविनियम (३) मा रहेको "रू.१,५०,०००/- (एक लाख पचास हजार)" भन्ने अंक र अक्षारको सट्टा"रू.३,००;०००/- (तीन लाख रूपैयाँ)" भन्ने अंक र अक्षर तथा "रू.४,००,०००/- (चार लाख रूपैयाँ)" भन्ने अंक र अक्षरको सट्टा "रू.१०,००,०००/- दश लाख रूपैयाँ" भन्ने अंक र अक्षर राखिएको छ।

(३) उप विनियम (५) पछि देहायको उपविनयम (६) थपिएको छ।

(६) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तीन करोड भन्दा बढी लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा अन्तर्राष्ट्रिय स्तरको आशय पत्र माग गरी खरिद गरिनेछ।

८. **<u>मुल विनियमावलीको विनियम २९ मा संशोधनः-</u>** मुल विनियमावलीको विनियम २९ को,

(१) उप विनियम (३) पछि देहायको उपविनयम (३क) र (३ख) थप गरिएको छ।

"(३क) उप-विनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा दरभाउ पत्र नै पेश नभएमा वा तीन भन्दा कम दरभाउ पत्र पेश भएमा सो कुरा उल्लेख नगरी दोश्रो पटक सूचना प्रकाशन गर्नु पर्नेछ।

(३ख) उप-विनियम (३क) बमोजिम दोश्रो पटक सूचना प्रकाशन गर्दा पनि आवश्यक संख्यामा शिलवन्दी दरभाउपत्र पेश हुन नआएमा पेश हुन आएका दरभाउ पत्रबाट छनौट गरी दरभाउपत्र स्वीकृत गर्न बाधा पर्ने छैन।"

(२) उप विनियम (११) को सट्टा देहायको उपविनियम (११) राखिएको छः-

"(११) मुल्यांकन समितिले शिलवन्दी दरभाउपत्रको परिक्षण र मुल्यांकन गरी रितपूर्वकको दरभाउ पत्र स्वीकृतको निमित्त पेश गर्नेछ।"

९. **<u>मुल विनियमावलीको विनियम ३५ र ३६ मा संशोधनः-</u>** मुल विनियमावलीको विनियम ३५ र ३६ को सट्टा देहायको विनियम ३५ र ३६ राखिएको छ।

**"३५. <u>बोलपत्र सम्वन्धी कार्य विधीः-</u>**

(१) दश लाख रूपयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वा बीस लाख रूपयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट खरिद गरिनेछ।

(२) उपविनियम (१) बमोजिम बोलपत्रद्वारा खरिद गर्दा पूर्व योग्यता निर्धारण गरी वा नगरी खुल्ला रूपमा बोलपत्र आव्हान गर्न सकिनेछ।

तर साठ्ठी लाख रूपयाँ भन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिद गर्दा कुनै योग्यता निर्धारण गर्न आवश्यक पर्ने छैन।

(३) उपविनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरिनेछः-

(क) खरिद गरिने मालसामान् वा निर्माण कार्य प्रतिस्पर्धात्मक मुल्यमा नेपाल राज्य भित्र एक भन्दा बढी आपूर्तिकर्ता वा निर्माण ब्यवसायीबाट प्राप्त नहुने भएमा,

(ख) खरिद गरिने मालसामान, निर्माणकार्य वा सेवाको लागी राष्ट्रिय स्तरमा बोलपत्र नै नपरी विदेशबाट खरिद गर्नु पर्ने भएमा,

(ग) विशेष वा जटिल किसिमको माल सामान वा निर्माण कार्य भएकोले अन्तर्राष्ट्रिय स्तरको बोलपत्रबाट खरिद गर्नुपर्ने अवस्था परेमा।

(४) उपविनियम (३) बमोजिम अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गर्दा सूचना अंग्रेजी भाषामा प्रकाशित गर्नुपर्ने छ र कम्पनीको वेभ साईटमा समेत राख्नु पर्नेछ।

(५) बोलपत्र माग गर्दा सिलवन्दी बोलपत्र वा विद्युतिय माध्यम (E-Bidding) द्वारा बोलपत्र पेश गर्ने गरी ब्यवस्था गर्न सकिनेछ।

(६) अन्तर्राष्ट्रिय स्तरमा बोलपत्र आव्हान गर्दा बोलपत्र सम्वन्धि सवै कागजात अंग्रेजीमा हुनेछ।

**३६ सूचना प्रकाशन गर्ने तरिकाः**

(१) बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आव्हानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा प्रकाशन गर्नु पर्नेछ र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको हकमा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा समेत प्रकाशन गर्नुपर्ने छ।

(२) उपविनियम (१) बमोजिमको सूचना अनुसार बोलपत्र वा प्रस्ताव दाखिला गर्ने म्याद दिँदा राष्ट्रिय स्तरको बोलपत्र वा प्रस्ताव भएमा कम्तिमा तीस दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र वा प्रस्ताव भएमा कम्तिमा पैतालीस दिनको म्याद दिनु पर्नेछ।

(३) बोलपत्र पेश गर्ने म्याद थप गर्नु पर्ने उचित कारण भएमा आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ।"

१०. **मुल विनियमावलीको विनियम ३८ मा संशोधनः-** मुल विनियमावलीको विनियम ३८ को उपविनियम (१) को खण्ड (क), (ख), (ग), र (घ) को सट्टा देहायको (क), (ख), (ग), (घ) र (ङ) राखिएको छ।

(क) दश लाख भन्दा माथि साठी लाख सम्मको लागी - रू. एक हजार

(ख) साठी लाख भन्दा माथि छ करोड सम्मको लागी - रू. तीन हजार

(ग) छ करोड भन्दा माथि दश करोड सम्मको लागी - रू. पाँच हजार

(घ) दश करोड भन्दा माथि पच्चिस करोड सम्मको लागी - रू. छ हजार

(ङ) पच्चिस करोड भन्दा माथि जतिसुकै रकमको लागी - रू. दश हजार

११. **मुल विनियमावलीको विनियम ३९ मा संशोधनः-** मुल विनियमावलीको विनियम ३९ को उपविनियम (१) मा रहेको "कूल रकमको दुई दशमलव पाँच (२.५) प्रतिशत" भन्ने शब्दहरूको सट्टा "कूल रकमको दुई देखि तीन प्रतिशत बरावर सम्म बोलपत्र आव्हान गर्दा तोकिए बमोजिमको रकम" भन्ने शब्दहरू राखिएको छ।

१२. **मुल विनियमावलीको विनियम ४१ मा संशोधनः-** मुल विनियमावलीको विनियम ४१ को उपविनियम (५) को सट्टा देहायको उपविनियम (५) राखिएको छ।

(५) बोलपत्र वा पूर्व योग्यता सम्वन्धी कागजातहरू जुन नामबाट खरिद गरिएको हो सामान्यतः सोही नामबाट बोलपत्र वा पूर्व योग्यता सम्वन्धी कागजातहरू दाखिल गर्नु पर्नेछ। संयुक्त उपक्रममा बोलपत्र वा पूर्व योग्यता सम्वन्धी निवेदन पेश गर्ने भएमा संयुक्त उपक्रम कै नामबाट बोलपत्र वा पूर्व योग्यता सम्वन्धी कागजात खरिद गरेको हुनु पर्नेछ।

तर, बोलपत्र वा पूर्व योग्यता सम्वन्धी कागजात खरिद गरेका ब्यक्ति वा संस्थाले संयुक्त उपक्रम बनाई वा बोलपत्र खरिद गर्ने ब्यक्ती वा संस्था मुख्य साझेदार भई संयुक्त उपक्रममा बोलपत्र पेश गर्न सोही नामबाट बोलपत्र वा पूर्व योग्यता सम्वन्धी कागजातहरू खरिद गरेको हुन आवश्यक हुने छैन।

१३. **मुल विनियमावलीको विनियम ४९ मा संशोधनः-** मुल विनियमावलीको विनियम ४९ को उपविनियम (२) र (३) को सट्टा देहायको उपविनियम (२) र (३) राखिएको छ।

(२) उपविनियम (१) बमोजिम मुल्यांकन गर्दा निर्माण कार्यको क्षेत्र वा प्राविधक स्पेसिफिकेशन गलत रूपमा बुझी वा नबुझी कुनै कुरा अस्पष्ट उल्लेख गरेको, सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कवोल अंक उल्लेख गरेको, स्पेसिफिकेसन गलत बुझी वा नबुझी प्रारम्भीक चरणमा गरीने कार्यको लागी बढी दरले उल्लेख गरेको (फ्रण्ट लोडीङ) गरेको देखिएमा वा मुल्यांकन पुरा गर्न कुनै प्राविधिक स्पेसिफिकेसन वा कार्य क्षेत्रका सम्वन्धमा स्पष्ट हुन आवश्यक देखिएमा त्यस्ता विषयहरूमा बोलपत्रदाताहरू सँग आवश्यक बिश्लेषण सहितको स्पस्टिकरण माग गर्न सकिने छ। त्यसरी स्पष्टिकरण माग गर्दा न्यून कवोल अंक उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहितको स्पष्टिकरण माग गर्नु पर्नेछ।

(३) उपविनियम (२) बमोजिम स्पष्टिकरण मागिएकोमा त्यस्तो स्पष्टिकरण सन्तोषजनक नभएमा सो बोलपत्र अस्वीकृत गर्न वा थप कार्य सम्पादन जमानत लिई स्वीकृत गर्न सकिनेछ।

१४. **मुल विनियमावलीको विनियम ५३ मा संशोधनः-** मुल विनियमावलीको विनियम ५३ को उपविनियम (३) मा रहेको "(परफरमेन्स बण्ड)" भन्ने शब्दहरूको सट्टा "(बिड वण्ड)" भन्ने शब्दहरू राखिएको छ।

१५. **मुल विनियमावलीको विनियम ५४ मा संशोधनः-** मुल विनियमावलीको विनियम ५४ को उपविनियम (२) मा रहेको "कम्पनीले थप कार्य सम्पादन" भन्ने शब्दहरूको सट्टा "कम्पनीले कम प्रस्ताव गरेको मुल्यको आठ प्रतिशत थप कार्य सम्पादन" भन्ने शब्दहरू राखिएको छ।

१६. **मुल विनियमावलीको विनियम ६३ मा संशोधनः-** मुल विनियमावलीको विनियम ६३ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छ।

(१) कम्पनीले दश लाख रूपयाँ भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्दा यस परच्छेदमा उल्लेखित प्रकृया पुरा गरी त्यस्तो परामर्श सेवा प्राप्त गर्नु पर्नेछ।

तर, तीन लाख भन्दा माथी दश लाख सम्म मुल्यको परामर्श सेवा खरिद गर्न परामर्शदाता विज्ञ ब्यक्ति वा परामर्श दाताको सूचि तयार गरी त्यस्तो सूचिमा रहेका परामर्श दाताबाट आवश्यकता अनुसार कार्य क्षेत्र र निजले सम्पादन गर्नु पर्ने कामको अधारमा वार्ता गरी परामर्श सेवा लिन सकिनेछ।

१७. **मुल विनियमावलीको विनियम ६४ मा संशोधनः-** मुल विनियमावलीको विनियम ६४ को उपविनियम (२) को खण्ड (क) मा रहेको "पाँच करेड" भन्ने शब्दहरूको सट्ट "तीन करोड" भन्ने शब्द राखिएको छ।

१८. **मुल विनियमावलीको विनियम ९७ मा संशोधनः-** मुल विनियमावलीको विनियम ९७ को उपविनियम (२) मा रहेको "रू.३०,०००/- (तीस हजार)" भन्ने अंक र अक्षरको सट्टा "रू.१,००,०००/- (एक लाख)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

१९. **मुल विनियमावलीको विनियम ९९ मा संशोधनः-** मुल विनियमावलीको विनियम ९९ को उपविनियम (२) मा रहेको "रू.१०,०००/- (दश हजार)" भन्ने अंक र अक्षरको सट्टा "रू.२५,०००/- (पच्चीस हजार)" भन्ने अंक र अक्षरहरू राखिएको छ।

२०. **अनुसूचीमा हेरफेरः-** मुल विनियमावलीमा रहेको अनुसूची-१ को सट्टा यसैसाथ संलग्न अनुसूची राखिएको छ।

अनुसूची-१
(विनियम ९५ सँग सम्बन्धित)

## कार्यकारी प्रमुखको आर्थिक अधिकार

स्विकृत बजेटको अधिनमा रही कार्यकारी प्रमुखको आर्थिक अधिकार देहायबमोजिम हुनेछः

| सि.नं. | बिषय | हालको ब्यवस्था | संशोधन |
|---|---|---|---|
| १. | अतिथि सत्कार खर्च | एक पटकमा रु. पचास हजार सम्म। | संशोधन नभएको। |
| २. | अतिरिक्त समयमा काममा लगाउने अधिकार | आवश्यकता अनुसार। | संशोधन नभएको। |
| ३. | कर्मचारी प्रशासन विनियमावली अनुसार सुविधा दिने अधिकार | सम्पूर्ण | संशोधन नभएको। |
| ४. | चन्दा उपहार दिने | एक पटकमा रु.वीस हजार सम्म। | संशोधन नभएको। |
| ५. | सानो नगदी कोष | विनियमावलीमा ब्यवस्था भए बमोजिम आवश्यकता अनुसार । | संशोधन नभएको। |
| ६. | मालसामान खरिद, निर्माण कार्य, मर्मत संभार तथा सेवा कार्यको लागत अनुमान स्विकृत गर्ने अधिकार | रु.तीन करोड सम्म। | सम्पूर्ण। |